नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार,काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

पत्र संख्या:-२०७६/०७७
चलानी नं.:- १८१

मितिः-२०७६/०८/१२

विषय:- गढीमाई मेला सम्बन्धमा ।

श्री कलैया उपमहानगरपालिका,
श्री महागढीमाई नगरपालिका ।

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च.नं.२९४, मिति २०७६/०७/२५ को पशु सेवा प्रदान गर्ने सम्बन्धको प्राप्त पत्र संलग्न छ । सो सम्बन्धमा थप व्यहोरा पत्रबाटै अवगत गर्नुभई पशु क्वारेन्टाइनको विषयमा आवश्यक कर्मचारी खटाइ सहयोग गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

जनकराज शर्मा
शाखा अधिकृत

**बोधार्थ:-**
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन ।

२५।८।११२११


नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३९, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५

फ्याक्स : ४२११९३५

सिंहदरवार, काठाडौं, नेपाल


पत्र संख्या: ०७६।०७७

च.नं.: २५४

मिति:२०७६।७।२२

विषय : गढीमाई मेला सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

दर्ता नं.:- ६९००
२०७६।७।२५

प्रस्तुत विषयमा बारा जिल्लाको महागढीमाई नगरपालिकास्थित गढीमाई मन्दिरमा प्रत्येक पाँच वर्षमा सञ्चालन हुने मेला यस वर्ष सञ्चालन हुने तथा सो मेलाको अवधिमा पशुपन्छीको ओसारपसार नियमन्, पशुपन्छीका रोग नियन्त्रण, खोप कार्य लगायतका कार्य स्थानीयस्तरमा सञ्चालन गर्न पशु क्वारेन्टाइन कार्यालय बीरगंजका प्रमुखको संयोजकत्वमा गढीमाईमेलामा पशु सेवा प्रदान गर्ने कार्यदल परिचालन गरिने हुँदा सो कार्यदलमा कलैया उपमहानगरपालिका तथा महागढीमाई नगरपालिकाको पशुपन्छी शाखा प्रमुखलाई समावेश गर्न पशु सेवा विभागबाट अनुरोध भइ आएकोले उपरोक्त अनुसार कर्मचारी खटाईदिन आवश्यक समन्वयको लागि निर्देशानुसार अनुरोध छ।

२०७६।७।२२

डा. बरुण कुमार शर्मा
वरिष्ठ पशु चिकित्सक

स्थानीय तह समन्वय शाखा
दर्ता नं.:- ३९७
मिति:- २०७६।७।२७

बोधार्थ
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
प्रादेशिक समन्वय तथा योजना महाशाखा,
सिंहदरबार, काठमाडौं।

श्री पशु सेवा विभाग,
हरिहरभवन, ललितपुर।